

नेपाल स्काउट

# दर्ता नवीकरण निर्देशिका

२०७८

**©दर्ता नवीकरण निर्देशिका, २०७८**

पहिलो संस्करण : २०६६
दोस्रो संस्करण : २०७८

नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय
पो.ब.नं १०३७, लैनचौर, काठमाडौ, नेपाल
फोन : ९७७ १ ४४१८९००१
फ्याक्स : ९७७ १ ४४१३३६९

info@nepalscouts.org
nepalscouts.org

# नेपाल स्काउट

# दर्ता / नवीकरण निर्देशिका

## २०७८

नेपाल स्काउट राष्ट्रिय प्रधान कार्यालयले नेपाल स्काउट ऐन, २०५०(संशोधन सहित) र नेपाल स्काउट नियमावली, २०७८ मा उल्लेख भएको दर्ता नवीकरण सम्बन्धी प्रक्रियाका आधारमा प्रदेश स्काउट कार्यालय, स्थानीय स्काउट कार्यालय, इकाईहरू र स्काउट, स्काउटर एवं आयुक्त, पदाधिकारीहरूको सदस्यता दर्ता तथा नवीकरणको लागि यो दर्ता नवीकरण निर्देशिका तयार गरी लागू गरेको छ ।

# प्रस्तावना

नेपाल स्काउटका इकाईहरू र स्काउट, स्काउटर, सहायक राष्ट्रिय प्रशिक्षक, राष्ट्रिय प्रशिक्षक एवं आयुक्त, पदाधिकारीहरू नेपाल स्काउटमा पहिलो पटक दर्ता र बार्षिक रूपमा नवीकरण हुँदै जानु पर्दछ । हरेक इकाईले नेपाल स्काउटको सदस्यता सम्बन्धी Online Portal मा आफ्नो इकाईका स्काउट सदस्यहरूलाई दर्ता गराई इकाई तथा ब्यक्तिगत स्काउट सदस्यता नम्बर प्राप्त गर्नु पर्दछ । साथै, प्रत्येक स्काउटर, सहायक राष्ट्रिय प्रशिक्षक एवं राष्ट्रिय प्रशिक्षकहरू इकाईमा अनिवार्य रूपमा दर्ता/नवीकरण हुनु पर्दछ ।

## १) उद्बेश्य

क) स्काउटको तथ्याङ्क पारदर्शी एवं व्यवस्थित रूपमा राख्न, स्काउट सदस्यता बृद्धि गर्न, समयानुकूल दर्ता नवीकरण प्रणालीको विकास गर्न, स्काउटर र सबै स्काउट कार्यालयको दर्ता तथा नवीकरणलाई सरल तथा सहज बनाउन ।

ख) स्काउट तथा इकाईहरूको तथ्याङ्क ब्यवस्थित गर्न ।

ग) इकाई, स्थानीय स्काउट तथा प्रदेश स्काउटलाई क्रियाशील बनाउन ।

घ) विश्व स्काउट संगठन (WOSM, WAGGGS) मा नेपाल स्काउटको प्रगति सहितको स्काउट सदस्यता तथ्याङ्क प्रस्तुत गर्न ।

ङ) सदस्यता शुल्क सम्बन्धि ब्यवस्थालाई सरलीकृत तुल्याउन ।

च) स्काउट, स्काउटर, स्थानीय स्काउट, प्रदेश स्काउट तथा राष्ट्रिय प्रधान कार्यालयका बीच समन्वयात्मक भूमिका स्थापित गर्न ।

छ) नेपाल स्काउटको नियमावली, विनियमावली, नीति, निर्देशिका तथा अन्य आधिकारिक दस्तावेजमा दर्ता नवीकरण सम्बन्धमा उल्लेख भएका प्रावधानहरूलाई कार्यान्वयन गर्न गराउन ।

## २) इकाई सञ्चालन अनुमति पत्र र स्काउटरको अधिकार पत्र

इकाई सञ्चालन गर्न इच्छुक विद्यालय, संस्था वा खुल्ला समूहले इकाई सञ्चालन अनुमतिका लागि तोकिए बमोजिम नेपाल स्काउटको सदस्यता सम्बन्धी Online Portal मा स्काउटर मार्फत आवेदन पेश गर्नु पर्नेछ ।

इकाई सञ्चालन गर्ने इकाई सञ्चालनमा संलग्न हुने स्काउटरले आफूले वि.टि.सि/पि.टि.सी. प्राप्त गरेको ३ महिनाभित्र नेपाल स्काउटको सदस्यता सम्बन्धी Online Portal मा आफ्नो पूर्ण जानकारी सहितको विवरण भरी सम्बन्धित स्काउट कार्यालयबाट स्वीकृत भए पश्चात इकाई सञ्चालनको अधिकारपत्र प्राप्त गर्नु पर्नेछ ।

## ३) अनुमति पत्र तथा अधिकार पत्र प्रदान

### अ) अनुमति पत्र

सम्बन्धित स्काउट कार्यालयले आफ्नो कार्यक्षेत्र भित्रका संस्था, विद्यालय वा खुल्ला समूहहरूले इकाई सञ्चालनका लागि तोकिए बमोजिमका प्रक्रिया पुरा गरी आवेदन गरेमा आवश्यक जांचबुझ गरी इकाई सञ्चालन अनुमति पत्र प्रदान गर्न सक्नेछ ।

क) इकाई सञ्चालन अनुमतिका लागि आवेदन पेश गर्नु अघि गठित इकाई समितिको बैठक बसेको हुनु पर्नेछ । सम्बन्धित स्काउट कार्यालयहरूले आवश्यकता अनुसार प्रस्तावित इकाईको निरीक्षण गरी उक्त बैठकको लिखित निर्णय हेर्न सक्नेछ ।

ख) नियम (क) बमोजिम तोकिएको मापदण्ड पूरा भएमा सम्बन्धित स्काउट कार्यालयले स्काउट इकाई सञ्चालनको अनुमति प्रदान गर्नेछ ।

### आ) अधिकार पत्र

नेपाल स्काउटले तोके बमोजिमको तालिम प्राप्त स्काउटरले इकाईमा संलग्न भई स्काउटिङ्ग क्रियाकलाप सञ्चालन गर्नका लागि नेपाल स्काउटको सदस्यता सम्बन्धि Online Portal मा आफ्नो पूर्ण जानकारी सहितको विवरण भरी सम्बन्धीत स्काउट कार्यालयबाट स्वीकृत भए पश्चात इकाई सञ्चालनको अधिकार पत्र प्राप्त गर्नेछ । अधिकार पत्र प्राप्त नगरी सञ्चालन गरिएका इकाईहरू नेपाल स्काउटको सम्बन्धित स्काउट कार्यालयमा दर्ता तथा नवीकरण हुने छैनन् ।

अधिकार पत्र प्राप्त गर्न देहाय बमोजिमका प्रक्रिया पूरा गर्नुपर्नेछ ।

क) सम्बन्धित स्काउट कार्यालयले इकाई सञ्चालनको अनुगमन गर्दा इकाई समितिको बैठकबाट स्काउटर नियुक्ति गरेको निर्णय र नियुक्ति पत्र रूजु गर्न सक्नेछ । स्काउटरले नेपाल स्काउटको सदस्यता सम्बन्धी Online Portal मा विवरण भरी निवेदन पेश गर्नु पर्नेछ । तोकिएका

सम्पूर्ण मापदण्ड पूरा भएमा स्काउटरलाई अधिकार पत्र प्रदान गरिनेछ ।

ख) सम्बन्धित स्काउटरले प्रत्येक बर्ष अधिकार पत्र नवीकरण गर्नुपर्नेछ ।

## ४) दर्ता तथा नवीकरण प्रक्रिया:

### अ) इकाई दर्ता/नवीकरण :

क) ३ (अ) मा उल्लेख भए अनुसार अनुमति प्राप्त स्काउट इकाईले आफ्नो इकाईमा भएका सम्पूर्ण स्काउट सदस्यहरूको विवरण, तोकिएको दर्ता/नवीकरण शुल्क सहित नेपाल स्काउटको सदस्यता सम्बन्धी Online Portal मा आवेदन गरी बुझाउनु पर्नेछ ।

ख) हरेक इकाई गठनमा नेपाल स्काउटको युवा कार्यक्रम नीति (Youth Program Policy) मा उल्लेख भए बमोजिम न्यूनतम र अधिकतम स्काउट सदस्य संख्या हुनुपर्नेछ ।

ग) सम्बन्धित स्काउट कार्यालयले दर्ता/नवीकरण लागि आवश्यक विवरण प्राप्त गरेपछि उक्त विवरण रूजु गरी इकाई तथा स्काउट सदस्यहरूको दर्ता/नवीकरण गर्नेछ ।

घ) सम्बन्धित स्काउट कार्यालयले इकाईलाई दर्ता/नवीकरण गरेको प्रमाणपत्र/निस्सा दिनु पर्नेछ ।

ङ) दर्ता भएका स्काउट, स्काउटर तथा इकाईले नेपाल स्काउटबाट विशेष संकेत नम्बर (Unique Code Number) प्राप्त गर्नेछन् । उक्त संकेत नम्बर नेपाल स्काउटको बायज तथा पोशाक सम्बन्धी निर्देशिकामा उल्लेख भए बमोजिम स्काउट पोशाकमा लगाउनु पर्नेछ ।

### आ) स्थानीय स्काउट दर्ता/नवीकरण:

क) स्थानीय स्काउट कार्यालयले आफ्नो आधिकारिकता स्थापित गर्नका लागि नेपाल स्काउट रा.प्र.का. द्वारा स्थापित Online Portal मार्फत बार्षिक विवरण पेश गरी दर्ता गराउनु पर्नेछ ।

ख) स्थानीय स्काउट पूर्ण हुनका निम्ति देहाय बमोजिमका स्काउट इकाईहरू सञ्चालन भएको हुनुपर्नेछ ।

| | | |
|---|---|---|
| १) महानगरपालिका | - | ५० इकाई । |
| २) उप-महानगरपालिका | - | ३० इकाई । |
| ३) नगरपालिका | - | २० इकाई । |
| ४) गाउँपालिका | - | ५ इकाई । |

ग) स्थानीय स्काउट कार्यालयले वार्षिक विवरण पेश गर्दा नेपाल स्काउटले तोकेको ढाँचामा स्काउट, स्काउटर, इकाई, इकाई समिति, कार्य समिति, परिषद् सदस्य र सल्लाहकार परिषद् सदस्यहरूको विवरण सहित पेश गर्नु पर्दछ ।

घ) स्थानीय स्काउट कार्यालयले अनिवार्य बार्षिक प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन तथा नेपाल स्काउटद्वारा निर्दिष्ट स्काउटर भेला प्रतिवेदन नेपाल स्काउटको Online Portal मार्फत पेश गर्नु पर्दछ ।

## ई) प्रदेश स्काउट दर्ता/नवीकरण :

क) प्रदेश स्काउट कार्यालयले आफ्नो आधिकारिकता स्थापित गर्नका लागि नेपाल स्काउट रा.प्र.का. द्वारा स्थापित Online Portal मार्फत बार्षिक विवरण पेश गरी दर्ता गराउनु पर्नेछ ।

ख) प्रदेश स्काउट कार्यालयले वार्षिक विवरण पेश गर्दा नेपाल स्काउटले तोकेको ढाँचामा कार्य समिति, परिषद् सदस्य र सल्लाहकार परिषद् सदस्यहरूको विवरण सहित पेश गर्नु पर्दछ ।

घ) प्रदेश स्काउट कार्यालयले अनिवार्य बार्षिक प्रगति प्रतिवेदन, लेखा परीक्षण प्रतिवेदन तथा अन्य विवरण नेपाल स्काउटको Online Portal मार्फत पेश गर्नु पर्दछ ।

## ५) दर्ता तथा नवीकरण समयसीमा :-

क) नयाँ इकाई दर्ता गर्दा सम्बन्धित इकाई जुनसुकै समयमा दर्ता गर्न सकिनेछ ।

ख) स्काउट इकाईले प्रत्येक बर्षको बैशाखदेखि आन्तरिक दर्ता नवीकरण प्रक्रिया शुरू गरी आषाढ मसान्तभित्र नवीकरण गर्नु पर्नेछ ।

ग) स्थानीय स्काउट कार्यालयले प्रत्येक बर्षको आषाढ मसान्तभित्र बार्षिक विवरण Online Portal मार्फत पेश गर्नुपर्नेछ ।

घ) प्रदेश स्काउट कार्यालयले प्रत्येक बर्षको आषाढ मसान्तभित्र प्रतिवेदन राष्ट्रिय प्रधान कार्यालयमा Online Portal मार्फत पेश गर्नुपर्नेछ ।

## ६) दर्ता, नवीकरण दस्तुर

नेपाल स्काउटको बार्षिक दर्ता, नवीकरण दस्तुर देहाय अनुसार निर्धारण गरिएको छ ।

| | |
|---|---|
| क) कव/ब्राउनी दर्ता | - रू. १०।- |
| ख) ब्वाय/गर्ल स्काउट | - रू. १०।- |
| ग) भेञ्चर स्काउट | - रू. १०।- |
| घ) रोभर/रेन्जर स्काउट | - रू. १०।- |
| ङ) स्काउटर | - रू. ५०।- |
| ङ) इकाई पदाधिकारी | - रू. ५०।- |
| च) कब प्याक | - रू. २००।- |
| छ) ब्राउनी प्याक | - रू. २००।- |
| ज) ब्वाय स्काउट ट्रुप | - रू. ३००।- |
| झ) गर्ल स्काउट ट्रुप | - रू. ३००।- |
| ञ) भेञ्चर ब्वाय ट्रुप | - रू. ३००।- |
| ट) भेञ्चर गर्ल ट्रुप | - रू. ३००।- |
| ठ) रोभर क्र्यू | - रू. ३००।- |
| ड) रेन्जर क्र्यू | - रू. ३००।- |

इकाई, स्काउट मास्टर, प्रत्येक तालिम प्राप्त पदाधिकारीहरू विश्व स्काउट संगठनको Back to Troop सिद्धान्त अनुरूप अनिवार्य रूपमा इकाईमा दर्ता हुनुपर्नेछ ।

## ८) इकाई संरचना

### ८.१ कब /ब्राउनी प्याक

क) एउटा प्याकमा कम्तीमा १२ जना र बढीमा २४ जना कब/ब्राउनी रहनेछन् ।

ख) कम्तीमा २ र बढीमा ४ सिक्सहरू मिलेर प्याक बन्दछ ।

ग) ४ देखि ६ जना कब /ब्राउनीको एउटा सिक्स बन्दछ ।

घ) प्याकको नेतृत्व सिनियर सिक्सरले गर्दछ भने सिक्सको नेतृत्व सिक्सरले गर्दछ ।

### ८.२ ब्वाय /गर्ल्स /भेञ्चर स्काउट ट्रुप

क) एउटा ट्रुपमा कम्तीमा १२ जना र बढीमा ३२ जना ब्वाय/गर्ल/भेञ्चर स्काउट रहनेछन् ।

ख) कम्तीमा २ र बढीमा ४ पेट्रोल मिलेर ट्रुप बन्दछ ।

ग) ६ देखि ८ जना ब्वाय/गर्ल्स/भेञ्चर स्काउटको एउटा पेट्रोल बन्दछ ।

घ) ट्रुपको नेतृत्व ट्रुप लिडरले गर्दछ भने पेट्रोलको नेतृत्व पेट्रोल लिडरले गर्दछ ।

### ८.३ रोभर /रेञ्जर क्र्यु

क) एउटा क्र्युमा कम्तीमा १८ जना र बढीमा ३२ जना रोभर /रेञ्जर रहनेछन् ।

ख) कम्तीमा ३ र बढीमा ४ टिम मिलेर क्र्यु बन्दछ ।

ग) ६ देखि ८ जना रोभर/रेञ्जर स्काउटको एउटा टिम बन्दछ ।

घ) क्र्युको नेतृत्व सिनियर टिममेटले गर्दछ भने टिमको नेतृत्व टिममेटले गर्दछ ।

## ९) इकाईका प्रकार

**स्काउट इकाईहरू दुई प्रकारका हुनेछन् ।**

क) प्रायोजित (Sponsored) इकाई :

शिक्षालय तथा नेपाल सरकार, समाज कल्याण परिषद्मा आवद्ध गैर राजनीतिक सामाजिक संघ संस्थाहरूद्वारा प्रायोजन गरी सञ्चालन हुने स्काउट इकाईहरू ।

ख) खुल्ला (Open) इकाई :

समुदायस्तरमा रहेका ब्यक्तित्वहरू मिलेर नेपाल स्काउटको नियम बमोजिमका मापदण्ड पूरा गरी सञ्चालन गरिएका स्काउट इकाईहरू ।

## १0) इकाई समिति :

इकाई समितिको गठन देहाय बमोजिम हुनेछ ।

क) संस्थाको प्रमुख वा विद्यालयको प्रधानाध्यापक एक जना - **अध्यक्ष**

ख) शिक्षक/शिक्षिकाहरू मध्येबाट विद्यालय व्यवस्थापन समितिको अध्यक्षले तोकेको एक जना - **सदस्य**

ग) विद्यालय व्यवस्थापन समितिका अध्यक्षले मनोनित गरेका स्काउटको अभिभावकहरू मध्येबाट दुई जना - **सदस्य**

घ) सम्बन्धित दलको स्काउटर एकजना - **सदस्य सचिव**

ङ) संस्थाको हकमा संस्था प्रमुखले तोकेको ब्यक्ति अध्यक्ष हुन सक्नेछ ।

च) माथिका खण्डहरूमा जेसुकै लेखिएको भएता पनि खुल्ला इकाईको हकमा अध्यक्षबाट मनोनित स्काउटिङ्ग बिकासमा सहयोग गर्ने ब्यक्तिहरू मध्येबाट दुई जना मनोनित गर्न सकिनेछ, भने दललाई आवश्यक परेको खण्डमा ५ जना भन्दा नबढ्ने गरी सदस्य संख्या थप गर्न सकिनेछ ।

नेपाल स्काउट
राष्ट्रिय प्रधान कार्यालय
पो.ब.नं १०३७, लैनचौर, काठमाडौं, नेपाल

फोन : ९७७ १ ४४१८९००१

फ्याक्स : ९७७ १ ४४१३३६९

info@nepalscouts.org
nepalscouts.org